# मंगलसेन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः १ | मितिः २०७५।०३।३२

**भाग-१**

मंगलसेन नगरपालिका

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**स्वीकृत मिति : २०७५/०३/१०**

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्र स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न मंगलसेन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम मंगलसेन नगरकार्यपालिकाको मिति २०७४/१२/१४ गते बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १
## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि मंगलसेन नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

## भाग-२
### स्थानीय राजपत्रको भाग र ढाँचा

३. **स्थानीय राजपत्रको भागहरुः** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।

४. **स्थानीय राजपत्रको ढाँचाः** स्थानीय राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।

५. **खण्डको व्यवस्थाः** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको पहिलो बर्ष १ र प्रकाशन भएको अंकलाई १, कायम गरी त्यसपछि क्रमशः जति बर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ।

६. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्री :** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी :** स्थानीय राजपत्र मंगलसेन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ। यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

मंगलसेन नगरपालिका राजपत्र

## भाग-३
## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः**(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने :** (१) प्रकाशन हुने सामग्री नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : नगरपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछ।

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,
(ख) जिल्ला समन्वय समिति,
(ग) नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,
(घ) सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र
(ङ) नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** नगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई नगरपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः**(१) प्रकाशित स्थानीय राजपत्र नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेखकेन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्य बनाई बिक्री गर्दाः** वडा कार्यालय वा मंगलसेन नगरपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/-(पाँच सय नब्बेमात्र)

**(ख) खुद्रा बिक्री गर्दा :** स्थानीय राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ।

**द्रष्टब्यः** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ। स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ।

१५. **बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व मंगलसेन नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१६. **कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा मंगलसेन नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१७. **बचाऊः** यो कार्यविधि लागू हुनुभन्दा अगावै मंगलसेन नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ।

## अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

### स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ।

**भाग-२**

यस भागमा मंगलसेन नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ।

मंगलसेन नगरपालिका
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

मंगलसेन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-१**

**मंगलसेन नगरपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम : ........

प्रमुख प्रशासकीय अधिकृत

मंगलसेन नगरपालिका राजपत्र

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

मंगलसेन नगरपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः .../../..

**भाग-२**

**मंगलसेन नगरपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम : ......
प्रमुख प्रशासकीय अधिकृत

**<u>आज्ञाले,</u>**
गणेश प्रसाद जैसी
प्रमुख प्रशासकीय अधिकृत
मंगलसेन नगरपालिका

मंगलसेन नगरपालिका राजपत्र

# स्थानीय तहको विनियोजन ऐन- २०७४

## मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मितिः **२०७४।०५।१५**

**प्रस्तावनाः**

मंगलसेन नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मंगलसेन नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम " मंगलसेन नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त मंगलसेन नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय समानीकरणको रकम समेत गरी जम्मा रकम रु.५३,८७,५२०००।- (अक्षेरुपी त्रिपन्न करोड सतासी लाख बावन्न हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त मंगलसेन नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रु.हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | नगरकार्यपालिका | 348662 | 190090 | | 538752 |
| 2 | | वडा समिति | | | | |
| 3 | | बिषयगत शाखा | | | | |
| 4 | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| 5 | | लगानी (शेयर/ऋण) | | | | |

मंगलसेन नगरपालिका राजपत्र
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय तहको आर्थिक ऐन-२०७४

## मंगलसेन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने बनेको ऐन

**प्रस्तावनाः**

मंगलसेन नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मंगलसेन नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि मंगलसेन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

दफा (२) सँग सम्बन्धित

## मंगलसेन नगरपालिकाको कार्यालय, अछाम

### संरचनाको मूल्यांकन दरको बिवरण

| क्र.सं. | संरचनाको प्रकार | प्रति बर्ग फिट मूल्य | ह्रास कट्टी प्रतिशतमा (प्रति बर्ष) | कट्टी गर्ने जम्मा बर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गाह्रो पिलर भएको आर.सि.सि. घर | ९००।- | ०.७५ | ५० | |
| २ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गाह्रो पिलर नभएका आर.सि.सि. घर | ८००।- | ०.७५ | ४५ | |
| ३ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गाह्रो भएको जस्ता वा टायलको छाना भएको घर | ५००।- | १ | ४० | |
| ४ | माटोको जोडाईमा इटा वा ढुंगाको गाह्रो भएको आर.सि.सि. घर | ४००।- | १.५ | ३० | |
| ५ | माटोको जोडाईमा इटा वा ढुंगाको गाह्रो भएको सिलेटको छाना भएको घर | ३५०।- | २ | ३० | |
| ६ | माटोको जोडाईमा इटा वा ढुंगाको गाह्रो भएको जस्ता वा टायलको छाना भएको घर | ३००।- | २.५ | २५ | |
| ७ | काठैकाठबाट बनेको जस्ताको छाना भएको घर वा काठको खम्बा र ईटा वा ढुंगाले घेरेको जस्ता वा टायलले छाएको वा बाँसले घेरेको टिन वा टायल वा खरले छाएको तथा क्र.सं. १ देखि ६ सम्ममा नपरेका संरचनाको प्रकारका घरहरु | १००।- | ३ | १५ | |

## एकिकृत सम्पती करको दरको विवरण

| क्र.सं. | विवरण | एकिकृत सम्पती कर | रकम अक्षरमा |
|---|---|---|---|
| १ | रु.1 देखि २ लाख सम्म | २५।- | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाख सम्म | ५०।- | पच्चास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाख सम्म | ७५।- | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाख सम्म | १००।- | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ६ लाख सम्म | १२५।- | एकसय पच्चीस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाख सम्म | १५०।- | एकसय पच्चास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाख सम्म | १७५।- | एकसय पच्चहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाख सम्म | १९०।- | एकसय नब्बे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाख सम्म | २००।- | दुईसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाख सम्म | २५०।- | दुइसय पच्चास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाख सम्म | ३००।- | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाख सम्म | ३५०।- | तीनसय पच्चास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाख सम्म | ३८०।- | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाख सम्म | ४००।- | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाख सम्म | ५००।- | पाँचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाख सम्म | ५५०।- | पाँचसय पच्चास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाख सम्म | ६५०।- | छसय पच्चास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाख सम्म | ८००।- | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाख सम्म | १०००।- | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाख सम्म | १२००।- | एकहजार दुईसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | १५००।- | एकहजार पाँचसय रुपैया मात्र |
| २२ | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | २०००।- | दुइहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाख सम्म | २५००।- | दुइहजार पाँचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाख सम्म | ३०००।- | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाख सम्म | ३५००।- | तीनहजार पाँचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाख सम्म | ४५००।- | चारहजार पाँचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाख सम्म | ६०००।- | छहजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाख सम्म | ८०००।- | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोड सम्म | १००००।- | दशहजार रुपैया मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | १२०००।- | बाह्रहजा रुपैया मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १६०००।- | सोह्र हजार रुपैया मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | २००००।- | बीसहजार रुपैया मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० सम्म | २५०००।- | पच्चिसहजार रुपैया मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड ३० लाख सम्म | ४००००।- | चालिसहजार रुपैया मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोड सम्म | ५००००।- | पच्चासहजार रुपैया मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोड सम्म | ६००००।- | साठीहजार रुपैया मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए पनि २ रुपैया प्रति हजारका दरले एकिकृत सम्पत्ति कर लाग्ने | | |

यसमा व्यवस्था भएको यसै बमोजिम र गत आ.व.हरुको कर दरलाई नै आधार मानी साविकका गा.वि.स.हरुको कर निर्धारण गरिनेछ ।

१. आ.व. २०७४।०७५ को असोज मसान्तसम्म कर दाखिला गर्ने करदाताहरुलाई आ.व. २०७४।०७५ को हकमा मात्र लाग्ने कर रकममा १०% छुट रकम छुट गरिनेछ ।

२. जुनसुकै प्रकारले हक हस्तान्तरण हुँदा नगरपालिकाले गरेको मूल्यांकन भन्दा लिखितको मूल्य घटी वा बढी भए पनि नगर सभाबाट स्विकृती भएको दरको आधारमा मात्र जग्गाको मूल्यांकन गरी कर निर्धारण गरिनेछ ।

अनुसूची (२)
दफा ३ सँग सम्बन्धित

**भूमी/मालपोत कररेट**

| जग्गाको वर्ग | दर प्रति रोपनी रु. | जरिवाना | कैफियत |
|---|---|---|---|
| क (मुख्य व्यापारिक क्षेत्र) | ८०।- | बार्षिक १० प्रतिशत जरिवाना | विगत बर्षहरुको बक्यौताको हकमा समेत यसै अनुसार हुनेछ । |
| क.१ (अन्य व्यापरिक क्षेत्र) | ५०।- | | |
| ख (कृषि क्षेत्र) पाखो जग्गा | १५।- | | |
| ग (खोला खेत) | २०।- | | |
| घ (पाखो खेत) | १०।- | | |
| ङ (भिरपाखो तथा वर्ग नखुलेका | ५।- | | |

## अनुसूची (३)
## दफा ४ सँग सम्बन्धित
## घर बहाल कर

मंगलसेन नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आंशिक तवरले बहाल दिएकोमा बहाल अंकको २ प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघ संस्था, कम्पनी, कार्यालय वा यसै प्रकृतिका अन्यले बहालमा बसे वापत बहाल रकम बुझाउँदा स्रोत मै अग्रिम बहाल कर कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

**बहाल कर निर्धारण प्रक्रिया**

१) बहालमा दिएको मितिलाई आधार मानी दैनीक, मासिक, त्रैमासिक, अर्द्धबार्षिक वा बार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२) क्षेत्रगत आधारमा नगर कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ ।

३) नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वयम् घोषणा गरेको आधारमा बहाल निर्धारण गरिनेछ ।

मंगलसेन नगरपालिका राजपत्र
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# अनुसूची (४)
## दफा (५) सँग सम्बन्धित
## व्यवसाय करको दररेट

| क्र.स. | प्रकरण नं. | विवरण | न्यूनतम दररेट | अधिकतम दररेट | आ.ब. ०७४/०७५ स्विकृत दररेट | कै |
|---|---|---|---|---|---|---|
| १ | १।१<br>१।१।१ | **व्यापारिक बस्तु :**<br>चुरोट थोक विक्रेता : | ७५० | १०००० | ४००० | |
| | १।१।२ | **मदिरा होटेल** | ७५० | १०००० | | |
| | क | मदिरा डिलर | | | ९००० | |
| | ख | मदिरा खुद्रा | | | ५००० | |
| | ग | वियर बिक्री वितरण गर्ने बिर्को खोली | | | ३००० | |
| | घ | मदिरा सहितका कोल्ड स्टोर्स | | | ४००० | |
| | १।१।३ | **ज्वेलरी :** | ७५० | १०००० | | |
| | क | सुनचाँदीका गहना बनाउने खरिद तथा विक्री गर्ने पसललाई | | | ४००० | |
| | ख | सुन चाँदीका गहना बनाउने पसल | | | २००० | |
| | ग | सुन चाँदीका गहना हातले बनाउने तथा मर्मत गर्ने पसल | | | १००० | |
| | १।१।३ | **भिडियो रेर्कडर प्लेयर आदीका थोक तथा खुद्रा व्यवशाय :** | ७५० | १०००० | | |
| | क | भिडियो टेलिभिजन तथा फ्रिज बिक्री गर्ने थोक तथा खुद्रा | | | ४००० | |
| | ख | साउण्ड सिस्टम भाडामा दिने व्यवशायी | | | ३००० | |
| | ग | निर्माण सामाग्री, कम्पयूटर , विद्युत सम्बन्धी समाग्री , कार्पेट र पेट्रोलियम पदार्थको थोक तथा खुद्रा विक्रेता | | | ४००० | |
| | १।१।४<br>क | **निर्माण सामाग्री :**<br>रंगरोगन , किला काटी , सन्माईका , प्लाईउड, सेनेटरी समान सरिया, सिमेन्टका साथै फ्लोरिङ फिनिसिङ र अन्य निर्माणा सामग्रीको थोक तथा खुद्रा विक्रेता | ५०० | ५००० | | |
| | अ | ठुला पसललाई | | | ४००० | |
| | आ | मध्यम पसललाई | | | ३००० | |
| | ई | निम्न स्तरका पसललाई | | | १००० | |
| | ख | उपदफा क बमोजिम खुद्रा मालसामान का साथै कृर्षि उपकरणका सामाग्री विक्री वितरण गर्ने लाई | | | ५०० | |
| | ग | किला काटी , रंगरोगनका सामान विक्रेता लाई | | | ५०० | |
| | घ | सरिया सिमेन्ट मात्र अलग अलग विक्री गर्ने लाई | | | ५००० | |
| | □ | फ्लोरिङ फिनिसिङ टायल मात्र विक्री गर्ने लाई | | | १००० | |
| | १।१।५ | **कम्पयूटर र अन्य ईलेक्ट्रोनिक्स सामान** | ५०० | ५००० | | |
| | क | कम्पयूटर र सोका पार्टस विक्री गर्ने पसललाई | | | ३००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख | कम्पयूटर, फ्रिज, टि.भि., मोवाईल्स, राईसकुकर ,आदीको थोक तथा खुद्रा विक्रेता | | | ४००० | |
| | ग | टिभि र सोका पार्टस विक्रेता | | | १००० | |
| | घ | मोवाईल ग्यालरी , मोवाईल सेट विक्री तथा मर्मत | | | २००० | |
| | □ | मोवाईलस मर्मत | | | ५०० | |
| | च | फ्रिज , कुलर , राईसकुकर , आदी | | | १००० | |
| | १।१।१६ | **विद्युतिय सामान :** | ५०० | ५००० | | |
| | क | विजुलीका सामानका साथै विजुली बाट चल्ने उपकरण जस्तै हिटर, कुलर , पंखा , आईरन आदी लाई | | | २००० | |
| | ख | विजुलीका सामान मात्र विक्री गर्ने लाई | | | १००० | |
| | ग | रेडियो घडी विक्री गर्ने पसल लाई | | | १००० | |
| | घ | घडी मात्र विक्री गर्ने पसललाई | | | ५०० | |
| | □ | विजुलीका ट्रान्सफर्मर मर्मत गर्ने लाई | | | ५०० | |
| | १।१।१७ | **पेट्रोलियम पदार्थका थोक तथा खुद्र व्यापार** | ५०० | ५००० | | |
| | क | एक भन्दा बढी पम्प भएकालाई | | | ३००० | |
| | ख | एक पम्प मात्र भएकालाई | | | २००० | |
| | ग | ड्रममा पेट्रोलियम पदार्थ विक्रेता बाट तेल बेच्ने लाई | | | १००० | |
| | १।१।१८<br>क | **दैनिक उपभोगका खाद्य पदार्थ सुती कपडा आदीका थोक तथा खुद्रा व्यापारमा**<br>किराना पसलका साथसाथै अन्य मालसामान भएका पसललाई | ३६० | १००० | | |
| | अ | ठूला पसललाई | | | ८०० | |
| | आ | मझौला पसललाई | | | ६०० | |
| | ई | साना पसललाई | | | ३०० | |
| | | गुड थोक वा खुद्रा विक्रेतालाई | | | ५०० | |
| | ख | **सुती कपडा पसल** | ३६० | १००० | | |
| | १ | सुती कपडा थोक पसल | | | ८०० | |
| | २ | सुती कपडा खुद्रा पसल | | | ५०० | |
| | १।१।१९ | **सवारी साधन मर्मत तथा सम्भार गर्ने :** | ३६० | १००० | | |
| | | विभिन्न सवारी साधनका पार्टस विक्री तथा मर्मत सम्भार गर्ने | | | ५०० | |
| २ | | **विशेषज्ञ परामर्श तथा अन्य व्यवशायिक सेवा** | ३६० | ३००० | | |
| | २।१ | चिकित्सक | | | १००० | |
| | २।२ | कविराज बैद्य | | | ५०० | |
| | २।३ | ईन्जिनियर | | | १००० | |
| | २।४ | कानुन व्यवशायी | | | १००० | |
| | २।५ | लेखा परिक्षक | | | १००० | |
| | २।६ | दन्त चिकित्सक | | | १००० | |
| | २।७ | अनुसन्धान कर्ता र परामर्शदाता | | | ५०० | |
| | २।८ | कम्पयूटर एनालिष्ट र प्रोग्रमर | | | ५०० | |

मंगलसेन नगरपालिका राजपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २।९ | विमा एजेन्ट | | | ५०० | |
| | २।१० | सर्भेएर | | | ४०० | |
| | २।११ | अनुबादक | | | ४०० | |
| | २।१२ | पशु चिकित्सक | | | ८०० | |
| | २।१३ | सेयर दलाल | | | ८०० | |
| | २।१४ | सामान ढुवानी कर्ता तथा कम्पनी राष्ट्रिय | | | ८०० | |
| | २।१५ | सामान ढुवानी कता तथा कम्पनी स्थानीय | | | ५००० | |
| | २।१६ | संस्थागत पेन्टर स्थानीय | | | ४०० | |
| | २।१७ | घर नक्साको डिजाईन गर्ने कन्सलटेन्सी लाई | | | २००० | |
| ३ | | **निर्माण व्यवशायी :** | | | | |
| | **३।१** | **नगरपालिकामा प्रधान कार्यालय भएका** | २००० | १०००० | | |
| | **क** | क श्रेणीका निर्माण व्यवशायी लाई | | | ५००० | |
| | **ख** | ख श्रेणीका निर्माण व्यवशायी लाइ | | | ४००० | |
| | **ग** | ग श्रेणीका निर्माण व्यवशायी लाइ | | | ३००० | |
| | **घ** | घ श्रेणीका निर्माण व्यवशायी लाइ | | | १००० | |
| ४ | | **उत्पादनमुलक उद्योग :** | | | | |
| | **४।१** | कोरामाल वा अर्ध प्रसोधित माल वा खेर गईरहेका माल सामानका वा अन्य मालसामान प्रयोग वा प्रसोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवशायमा | १००० | १०००० | | |
| | **४।२** | चिउरा उद्योग | | | १००० | |
| | **४।३** | सिमेन्ट टायल बनाउने | | | १५०० | |
| | **४।४** | सिमेन्टका ब्लग बनाउने २० ब्यालेटका रिङ लाई | | | १००० | |
| | **४।५** | कपडा विक्रीका साथै तयारी पोषाक उत्पादन गर्ने लाई | | | १००० | |
| | **४।६** | गार्मेन्ट तयारी पोषाक सहित कपडा विक्रेता | | | १००० | |
| | **४।७** | कंक्रिट ह्यूमपाईप साना उद्योग | | | १५०० | |
| | **४।८** | गलैचा उद्योग | | | १००० | |
| | **४।९** | डिस्टीलरी ब्रुअरी उत्पादन वा हल्का पेय उत्पादन गर्ने लाई | | | १००० | |
| | **४।१०** | मिनरल वाटर उत्पादन | | | १००० | |
| | **४।११** | स्टिल मेटल बाट कुलर , दराज बाकस का साथै आद्युनिक फर्निचर उत्पादन गर्ने उद्योग | | | ३००० | |
| | **४।१२** | स्टिल बाकस ड्रमका साथै भाडा वर्तन बनाउने | | | १५०० | |
| | **४।१५** | ग्रिल, सटर, ट्रस, ट्रेक्टरका ट्रली बनाउने | | | २००० | |
| | **४।१६** | स्टिलमेटलबाट मेसिनरी सामानका साथै विभिन्न औजार उपकरण उत्पादन गर्ने ईन्जिनियरिङ वर्क सप लाई | | | ३००० | |
| | **४।१७** | ग्रील सटर ट्रस बनाउने लाई | | | २००० | |
| | **४।१८** | हयाचरी (चल्ला उत्पादन गर्ने) लाई | | | १००० | |

मंगलसेन नगरपालिका राजपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४।१९ | पशुपंछीको आहारा उत्पादन गर्नेलाई | | | १००० | |
| ५ | | **उर्जामुलक उद्योग :** | १००० | ५००० | | |
| | ५।१ | **उर्जामुलक सबै उद्योग तथा व्यवशायमा** | | | | |
| | क | गोबर ग्यास | | | १००० | |
| | ख | सोलार पावर | | | १५०० | |
| ६ | | **कृर्षि तथा बनजन्य उद्योग** | १००० | १०००० | | |
| | | मुलतः कृर्षि तथा बन पैदावारमा आधारित उद्योग व्यवशायमा | | | | |
| | ६।१ | काठ चिरान सम्बन्धी काम गर्ने सः मिलमा | | | ५००० | |
| | ६।२ | प्लाईउड सम्बन्धी काम गर्ने सः मिलमा | | | २००० | |
| | ६।३ | चिरान मेसिन राखी सधारण पर्निचर उत्पादन गर्ने | | | १००० | |
| | ६।४ | चिरान मेसिन राखी आधुनिक फर्निचर उत्पादन गर्ने | | | २००० | |
| | ६।५ | धान कुट्ने , गहु पिस्ने, तोरी पेल्ने उद्योग (मिल) हरुमा | १००० | १०००० | | |
| | क | ५ हर्ष पावरदेखी २० हर्ष पावर सम्म | | | १५०० | |
| | ख | २१ हर्ष पावरदेखी ३० हर्ष पावर सम्म | | | २००० | |
| | ग | ३१ हर्ष पावरदेखी ५० हर्ष पावर सम्म | | | २५०० | |
| | घ | ५१ हर्षृ पावरदेखी माथी | | | ३००० | |
| | ६।६ | मैदा सुजी पिठो ( गिड) मिलमा | | | ४००० | |
| ७ | | **खनिज उद्योग :** | १००० | १०००० | | |
| | ७।१ | खनिज उत्खन्न वन प्रशोधन गर्ने उद्योग व्यवशायमा | | | ५००० | |
| ८ | **पर्यटक आवास होटेल रेष्टुरा रिसोर्ट ट्राभल्स एजेन्सी ग्लाईडिङ वाटर र्‍याफटिङ आदी उद्योग व्यवशाय** | | १००० | ५०,००० | | |
| | ८।१ | होटेल थ्री स्टार वा सो सरह | | | १०००० | |
| | ८।२ | होटेल लज टु स्टार वा सो सरह | | | ८००० | |
| | ८।३ | होटेल लज वान स्टार वा सो सरह | | | ५००० | |
| | क | होटेल एक देखी २० बेड सम्म | | | १५०० | |
| | ख | होटेल २१ बेड देखी ३० वेड सम्म | | | २००० | |
| | ग | होटेल ३१ बेड देखी ५० वेड सम्म | | | ५००० | |
| | घ | होटेल ५१ वेड देखी माथी | | | १०००० | |
| | ८।४ | होटेल लज व्यवशाय भई प्रा.ली. भएका होटेलहरु लाई | | | | |
| | ८।५ | होटेल लज १५ बेड वा सो भन्दा माथिको लाई | | | १५०० | |
| | ८।६ | होटेल लज ११ बेड १४ बेड सम्मका लाई | | | १२०० | |
| | ८।७ | होटेल लज ५ बेड १० बेड सम्मका लाई | | | १००० | |
| | ८।८ | गेष्टहाउस आवासको मात्र व्यवस्था भई ११ बेड सम्मको सुविधायूक्त लाई | | | १००० | |
| | ८।९ | गेष्टहाउस आवासको मात्र व्यवस्था भएका साधारण बेड ११ भन्दा माथी | | | १२०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८।१० | गेष्ट बेड आवास मात्र व्यवस्था भएका साधारण लाई बेड ५ देखी १० सम्म | | | १००० | |
| | ८।११ | रेष्टुरेन्ट चमेना गृह मदिरा रहित | | | १००० | |
| | ८।१२ | आधुनिक सुविधायूक्त रेष्टुरेन्ट एण्ड बारलाई | | | २००० | |
| | ८।१३ | रेष्टुरेन्ट एण्ड बार भएका | | | २५०० | |
| | ८।१४ | उच्च स्तरीय खानाको व्यवस्था भएको होटेल | | | १५०० | |
| | ८।१५ | होटेल साधारणमा | | | १००० | |
| | ८।१६ | मिठाई तथा भोजनालय | ५०० | १०००० | | |
| | क | उच्च स्तरिय मिठाई पसल | | | १५०० | |
| | ख | मिठाईका साथै भोजनका उच्च स्तरीय व्यवस्था भएकामा | | | २००० | |
| | ग | मिठाईका साथै भोजनका मध्यम स्तरीय व्यवस्था भएकामा | | | १००० | |
| | ८।१७ | ट्राभल्स एजेन्सीहरु | | | | |
| | क | राष्ट्रिय | | | १००० | |
| | ख | अन्तराष्ट्रिय | | | २००० | |
| ९ | | **सेवा उद्योग :** | | | | |
| | **छापखाना परामर्ष सेवा निजी तथा बेली व्यवशाय चलचित्र वयवशाय सार्वजनिक परिवहन व्यवशाय फोटोग्रफी प्रयोगशाला हवाईसेवा सितभण्डार आदी उद्योग व्यवशाय** | | ४०० | ७००० | | |
| | ९।१ | छपाइ तथा प्रकासन | | | | |
| | क | एक मात्र टेडल मेसिन राखि छपाइका काम गर्ने लाई | | | २००० | |
| | ख | एक देखी दुई टेलर मेशिन राखी छपाईका काम गर्नेलाई | | | २५०० | |
| | ग | अफसेट प्रेश भएका लाई | | | ३००० | |
| | घ | स्क्रिन प्रीन्ट गर्ने लाई | | | १००० | |
| | ९।२ | चलचित्र व्यवशाय | ४०० | ७००० | | |
| | क | सिनेमाहलहरुमा | | | १५०० | |
| | ख | सिनेमा हल, भिडियो हल, सास्कृतिक प्रदशन हल , थिएटर , संगित तथा मनोरञ्जन स्थलका प्रवेश शुल्कमा मनोरञ्जन कर | २ % | ४% | ३% | |
| | ग | जादु सर्कस , चटक आदीमा प्रती दिन रु २२० मनोरञ्जन कर लिने | | | २०० | |
| | ९।३ | **सार्वजनिक परिबहन** | | | | |
| | क | दुई बस सम्म राखी व्यवशाय गर्ने | | | ५०० | |
| | ख | तिन बस सम्म राखी व्यवशाय गर्ने | | | ८०० | |
| | ग | चार बस सम्म राखी व्यवशाय गर्ने | | | १६०० | |
| | घ | चार बस देखी माथी राखी व्यवशाय गर्ने | | | २००० | |
| | □ | ट्रान्सपोर्ट (ढुवानी सेवा) | | | | |
| | | एक ट्रक भएकालाई | | | ५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दुई ट्रक भएकालाई | | | ८०० | |
| | | तीन ट्रक भएकालाई | | | १२०० | |
| | | चार ट्रक भएकालाई | | | १५०० | |
| | | पाँच ट्रक वा सो भन्दा माथी भएकालाई | | | २००० | |
| | ९.१४ | फोटोग्राफी | | | ४०० | |
| | ९.१५ | **प्रयोगशाला** | | | | |
| | क | रगत दिशा पिसाब जाँच गर्ने | | | ५०० | |
| | ९.१६ | हवाईसेवा राष्ट्रिय | | | | |
| | | शितभण्डार | | | १००० | |
| १० | | **विभिन्न किसिमका तालिम गोष्ठी सेमिनार तथा विवाहको लागी हल व्यवस्था गर्नेलाई** | | | | |
| | १०।१ | ५० सिट देखी १०० सिट सम्म | | | ५०० | |
| | १०।२ | १०१ सिट देखी २०० सिट सम्म | | | ९०० | |
| | १०।३ | २०० सिट देखी माथी | | | १००० | |
| | १०।४ | हाटेल रेष्टुरेन्टमा पनि हलको व्यवस्था भएमा थप बार्षिक रु | | | ५०० | |
| | १०।५ | स्वीमिङ पुलको लागी बार्षिक रु | | | ५०० | |
| | १०।६ | व्यवशायिक व्यामशाला लाई | | | ५०० | |
| ११ | | निजी क्षेत्रका टेलिफोन फ्याक्स सेवा फोटोकपी मोवाईल फोन आई. एस.डी, एस.टी.डी ईमेल ईन्टरनेट रेडियो आदी | ३६० | १५०० | | |
| | ११।१ क | एस.टी.डी ईमेल ईन्टरनेट, फ्याक्स फोटोकपी | | | ४०० | |
| | ख | ईमेल ईन्टरनेट सहित साईबर क्याफेको व्यवस्था भएको | | | १००० | |
| | ११।०२ | कुरियर सेवा | | | ५०० | |
| | ११।०३ | छपाई तथा प्रकाशन | | | ५०० | |
| | ११।०४ | एफ.एम. रेडियो स्टेसनमा बार्षिक ( क्षमतको आधारमा) | | | २०००।५००० सम्म | |
| | ११।०५ | रेष्टुरेन्ट दोहोरी गीत सहितलाई बार्षिक | | | २००० | |
| १२ | | **वित्तिय सेवा :** | | | | |
| | १२।१ | नेपाल सरकारका पूर्ण स्वामित्वमा रहेका बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैकहरु | ५००० | ५०००० | १०००० | |
| | १२।०२ | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीका मूख्य कार्यालय | ५००० | १०००० | ६००० | |
| | १२।०३ | वित्तिय कम्पनीका शाखा कार्यालय | १००० | ३००० | २००० | |
| | १२।४ | विमा कम्पनी | ५००० | १०००० | ५००० | |
| | १२।०५ | विदेशी मुद्रा सटही | १००० | ३००० | १००० | |
| | १२।०६ | धितो पत्र कारोबार | १००० | ३००० | १००० | |
| | १६।०७ | सहकारी बैंक | १००० | २००० | १५०० | |
| १३ | | **स्वास्थ्य सेवा :** | | | | |
| | १३।१ | गैर सरकारी अस्पताल | १५०० | ५००० | २५०० | |

मंगलसेन नगरपालिका राजपत्र

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १३।०३ | क्लिनीक तथा ल्याब | ५०० | ३००० | १००० | |
| | १३।०४ | दन्त क्लीनिक | | | १००० | |
| | १३।०५ | अल्ट्रा साउण्ड एक्सरे | | | १००० | |
| | १३।०६ | सादा एक्सरे | | | ५०० | |
| १४ | | **शिक्षा सेवा** | | | | |
| | १४।१ | **निजि क्षेत्र का स्कुल, क्यामपस बिश्वविद्यालय** | १००० | ५००० | | |
| | | प्रा.वि. स्तरका वद्यालय | | | २००० | |
| | | नि.मा.वि. स्तरका विद्यालय | | | ३००० | |
| | | मा.वि. स्तरका | | | ४००० | |
| | | उच्च मा.वि. स्तरका | | | ५००० | |
| | १४।२ | तालिम तथा अनुस)धान केन्द्र | १००० | ३००० | | |
| | क | सब ओ.सी. अमिन, टेक्निकल तालिम केन्द्र | | | १५०० | |
| | १४।३ | कम्पयूटर प्रशिक्षण केन्द्र | | | १००० | |
| १५ | | मर्मत तथा सम्भार | | | | |
| | १५।१ क | मोटरसाईकल मर्मतका साथै सोका पार्टस विक्री गर्ने पसल | | | ७०० | |
| | ख | गाडीका टायर मर्मत गर्ने तथा हावा भर्ने | | | ४०० | |
| | ग | ईलेक्ट्रीक मेशिन बाट वेल्डिङ गर्ने | | | ४०० | |
| | घ | ग्याँस वेल्डिङ गर्ने | | | ४०० | |
| | १५।२ | रेडियो टिभी , घडी , प्रेश कुकर , हिटर , टेलिफोन सेट , विद्युत सामाग्री मर्मत केन्द्र | १०० | १५०० | | |
| | क | टेलिफोन,फ्याक्स, फोटोकपी , फ्रीज , पंखा , आदी मर्मत गर्ने पसल | | | ५०० | |
| १६ | | **अन्य सेवा :** | | | | |
| | १६।१ | विज्ञापन सेवा सबै किसिमका | ३६० | १५०० | ५०० | |
| | १६।२ | अन्य परामर्श सेवा | | | | |
| | १६।३ | ब्यूटीपार्लर, केश श्रृङगार, ड्राई क्लिनर्स, आदी | ३६० | १५०० | ५५० | |
| | १६।४ | हजाम एक सिट देखी पाँच सिटसम्म सुबिधायूक्त | | | ५५० | |
| | १६।०५ | फोटो स्टुडियो | | | | |
| | क | कलरल्याब स्टुडियो | | | ९०० | |
| | ख | फोटो मिक्सिङ गर्नेर सी.डी तयार गर्ने | | | ११०० | |
| | १६।६ | सुचिकार कपडा सिलाई गर्ने | | | | |
| | क | १ देखी २ मेसिन सम्म | | | ३०० | |
| | ख | ३ सम्म वा सो भन्दा माथी | | | ४५० | |
| | १६।६ | साईनबोर्ड बनाउन पेन्टीङ सेवा | | | ५०० | |
| | १६।७।१ | मासु विक्रेता | ३६० | १५०० | | |
| | क | कुखुराको मासु चल्ती पसलमा | | | ३६० | |
| | ख | माछा चल्ती पसलमा | | | ३६० | |

मंगलसेन नगरपालिका राजपत्र
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग | खसी बोकाको मासु चल्ती पसलमा | | | ५०० | |
| | घ | रागाको मासु चल्ती पसलमा | | | ५०० | |
| | □ | कुखुराको फुल अण्डा | | | ३६० | |
| | १६।८ | खोका व्यवशाय | ३६० | १००० | | |
| | १६।९ | सिसा प्लाईउड विक्रेता | | | ३६० | |
| | १६।१० | भाडाकुडा विक्रेताका ठुला पसल | | | ५०० | |
| | १६।११ | भाडाकुडा विक्रेता साना पसल | | | ४०० | |
| | १६।१२ | विभिन्न किसिमका फर्निचर विक्री गर्ने | | | १५०० | |
| | १६।१३ | खेलौना उपहार तथा गिफ्ट विक्रेता | | | ४०० | |
| | १६।१४ | केबुल नेटवर्कलाई ग्राहक संख्याको आधारमा तर हाल लाई एकमुष्ट | ५००० | ५०००० | ६००० | |
| १७ | | **अस्थायी हाट बजार वा घुम्ती पसल : (दैनिक रुपमा )** | २ | २५ | | |
| | १७।१ | घुम्ती पसल, (मोवाल ठेला) पसल खुम्चा समेतमा दैनिक | | | ५ | |
| | १७।२ | चौपाया प्रती गोटा | | | ५ | |
| | १७।३ | हाँस कुखुरा प्रती गोटा | | | ४ | |
| | १७।४ | साग सब्जी र फलफुल पसल दैनिक | | | २ | |
| | १७।५ | अन्य | | | ५ | |
| | क | भुईमा दलहनका साथै अन्य सामान बेच्ने लाई | | | ५ | |
| | ख | अस्थायी प्रकृतीका खोका न.पा. बाट ईजाजत नलिएकाहरु बाट | | | ६ | |
| १८ | | **माथिका बर्गिकरणमा समावेश नभएका सेवा व्यवशायका कारोबार र स्तर हेरी बार्षिक** | १०० | ५००० | | |
| | १८।१ | श्रृङगारका साथै अन्य सामानका पसल | | | ५०० | |
| | १८।२ | रेडिमेड कपडा, श्रृङगार, ईलेक्टोनिक्स, सामानका साथै अन्य फेन्सी सामानका ठुला पसलहरु | | | २००० | |
| | १८।३ | रेडिमेड कपडा, श्रृङगार, ईलेक्टोनिक्स, सामानका साथै अन्य फेन्सी सामानका साना पसलहरु | | | १००० | |
| | १८।४ | **स्वदेशी तथा विदेशी कपडा पसल** | | | | |
| | क | स्वदेशी तथा विदेशी कपडाका साथै रेडिमेट कपडा पसल ठुला | | | २००० | |
| | ख | स्वदेशी तथा विदेशी कपडाका साथै रेडिमेट कपडा पसल साना | | | १५०० | |
| | ग | गल्ला खरिद विक्री गर्ने पसल | | | | |
| | १८।५ | विभिन्न उद्योगहरु | १०० | ५००० | | |
| | क | पाउराटी , विष्कुट, केक का साथै अन्य उत्पादन उद्योगहरु | | | १५०० | |
| | ख | दालमोठका साथै अन्य नमकिन बनाउने उद्योग | | | ५०० | |
| | ग | विभिन्न किसिमका मसाला उद्योग | | | ४०० | |
| | घ | मैन बत्ती, अगर बत्ती उद्योग | | | ४०० | |
| | □ | बरफ कुल्फी उद्योग | | | ४०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | च | डेरी फर्म मिठाई समेत भएको लाई | | | १००० | |
| | छ | डेरी फर्म मात्र भएकोलाई | | | ७०० | |
| | ज | सिलाईकटाई तालिम गराउने केन्द्र | | | ५०० | |
| | झ | विभिन्न सामानका थोक तथा अधिकृत विक्रेता | | | २५०० | |
| | ञ | मिनरल वाटरका थोक विक्रेता | | | २००० | |
| | ट | विष्कुटका थोक विक्रेता | | | १००० | |
| | ठ | चकलेट टफी नमकिनका थोक विक्रेता | | | १००० | |
| | ड | हल्का पेय पदार्थ चिसो थोक विक्रेता | | | ९०० | |
| | ढ | साल्ट ट्रेडिङका नुन चिनी डिलर | | | १००० | |
| | ण | जुता, चप्पल छालाका पसल | | | १४०० | |
| | त | जुता, चप्पल अन्य | | | ८०० | |
| | थ | चाउचाऊका थोक विक्रेता | | | १५०० | |
| | द | कागजका थोक विक्रेता | | | ६०० | |
| | ध | सिमेन्टका थोक तथा खुद्रा विक्रेता | | | ४००० | |
| | न | लाउड स्पिकर भाडामा दिने | | | ४०० | |
| | १८।६ | **तरकारी फलफुल खुद्रा पसल** : | | | | |
| | क | तरकारी फलफुल खुद्रा पसल | | | २०० | |
| | ख | खुद्रा तरकारी फलफुल पसलका साथै अन्य | | | ३०० | |
| | ग | खुद्रा फलफुल पसल | | | २०० | |
| | घ | खुद्रा तरकारी मात्र विक्री गर्ने लाई | | | ३०० | |
| | □ | सेनेटरी सामान विक्री तथा मर्मत गर्ने पसल | | | ५०० | |
| | च | फोटोफ्रेम गर्ने पसल | | | ४५० | |
| | १८।७ | **औषधी पसल** | | | | |
| | क | औषधी थोक पसल | | | १००० | |
| | ख | औषधी खुद्रा ठुला पसल | | | ६०० | |
| | ग | औषधी खुद्रा साना पसल | | | ५०० | |
| | घ | पान चुरोटका साथै अन्य मालसामानका पसल | | | ५०० | |
| | □ | पान चुरोट मात्र विक्री गर्ने पसल | | | ४०० | |
| | १८।८ | नया जुता चप्पल बनाउने पसल | | | ६०० | |
| | क | रुई धुलाईका साथै सिरक गद्धाको थोक विक्रेता | | | ६०० | |
| | ख | लेन्टर ढलानका लागी सेटिङका सामान भाडामा दिने | | | ५०० | |
| | ग | विभिन्न मालसामान संकलन गर्ने कवाडी | | | ५०० | |
| | घ | पाठ्यपुस्तकका साथै अन्य सामान पुस्तक र खेलकुद सामाग्री भएका पसललाई | | | ६०० | |
| | □ | पाठ्यपुस्तकका सामाग्री मात्र विक्री वितरण गर्ने पसललाई | | | ५०० | |
| | १८।९ | **चस्मा विक्री तथा मर्मत गर्ने पसल** | | | ४०० | |
| | १८।१० | **कुखुरा पालन व्यवशाय गर्ने** | १०० | १००० | | |

मंगलसेन नगरपालिका राजपत्र
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क | १००० सम्मको कुखुरा पालन व्यवशाय गर्ने पोल्टी फर्म लाई | | | ५०० | |
| | १९।११ क | कृर्षि मल वीउ किटनाशक औषधीका साथै भेटेनरी औषधीको थोक तथा खुद्रा विक्रेता | | | ४०० | |
| | ख | कृर्षि साम्राग्री संस्थान वा बाहिरबाट रसायनिक मल वीउको थोक विक्रेता | | | ४०० | |
| | १९।१२ | सोलार मर्मत गर्ने पसल | | | ५०० | |
| २० | | **विज्ञापन तथा हाडिङ बोर्ड कर :** | | | | |
| | क | होडिङबोर्ड १० स्क्वायर फिट सम्मका लागी **प्रती स्क्वायर फिट रु २५** | | | | |
| | ख | होडिङबोर्ड २० स्क्वायर फिट सम्मका लागी **प्रती स्क्वायर फिट रु ४०** | | | | |
| | ग | **भित्ते लेदन प्रती स्क्वार फिट रु २०** | | | | |
| | घ | **विधुतीय वा टेलिफोनका पोलमा राखेका प्रती बोर्डमा रु ५५०** | | | | |
| | □ | **फ्ल्याक्स प्रीन्ट व्यानरमा १० स्क्वायर फिट सम्म लाई रु ८०० र सो भन्दा माथीको लाई रु १२५०** | | | | |
| | च | **अस्थायी रुपमा पोलमा लगईएका व्यनार प्र ती दिन रु २०** | | | | |
| | ५ | **अस्थायी रुपमा सडक वारपार गरी लगाईएका व्यनार प्रती दिन रु ४० यस्तो व्यानर बढीमा १५ दिनका लागी मात्र लगाउन पाईने छ। त्यसपछी सम्बन्धित व्यक्ती वा संस्थाले उठाई लैजानु पर्नेछ ।** | | | | |
| २१ | | **बहाल कर :** नगरपालिका क्षेत्र भित्रको घर, पसल , गोदाम, टहरा, सेड, कारखाना जग्ग वा पोखरी पुरै वा आंशिक रुपमा बहाल दिएकोमा सम्वन्धीत घर जग्गा धनी बाट **बहाल रकमको २ प्रतीसत** बहाल कर लाग्ने छ। | | | | |
| २२ | | **सरसफाईकर** | १०० | ५०० | १०० देखि ५०० सम्म | |

**नोट : माथिको बर्गिकरणमा समावेश नभएको सेवा व्यवशासको कारोबारको आधारमा नगरपालिकाले तोकेबमोजिम रु ३०० (तिन सय) देखी ५००० (पाँच हजार) सम्म लिन सकिनेछ।**

**पुनश्च :**

१. नगरपालिकाले तोकेको अवधीमा नगर क्षेत्र भित्र व्यवशाय सञ्चालन गरे बाफत बार्षिक रुपमा तिर्नु पर्ने रकम नतिरेमा निम्नानुसारको थप जरिवाना लाग्नेछ।

- व्यवशाय प्रमाण पत्रमा थप रु ५०/-
- म्याद समाप्त भएको मितिले असोज मसान्त सम्म निसुल्क
- पौष मसान्त सम्म लाग्ने दस्तरुको ५ प्रतिशत
- अषाढ मासान्त सम्म लाग्ने दस्तुरको १० प्रतिशत

अनुसूची ५

दफा ६ सँग सम्बन्धित

## जडिबुटी, कवाडी जिवजन्तु कर

ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाख, छाला, जस्ता वस्तुको व्यवसाय कारोबारो गरे वापत प्रति एकाई प्रति पटक रु.२०।- जडिबुटी, र जिवजन्तु कर लाग्ने । कवाडी मालसामानको हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागज जन्य सामानको लागि प्रति किलोग्राम रु. एक,

ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु. दुई,

ग) स्टीलजन्य सामानको लागि प्रति किलोग्राम रु. दुई,

घ) खाली बोतल, शिशि तथा अन्यका हकमा प्रति किलोग्राम रु. दुई

अनुसूची ६

दफा ७ सँग सम्बन्धित

## सवारी कर

**बार्षिक सवारी कर निम्नानुसार हुने :**

क) ईन्जिनबाट चल्ने जुन सुकै दुई पाङग्रे मोटरसाईकल, स्कुटर वा यस्तै सवारी साधनको बार्षिक रु. एक सय

ख) कार, जीप, भ्यान वा यस्ते चार पाङग्रे सवारी साधनको बार्षिक रु.एक हजार,

ग) टेम्पु, ट्याक्टर वा यस्ते सवारी साधनको बार्षिक रु. एक हजार पाँच सय,

घ) मिनी बस, मिनी ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको लागि बार्षिक रु दुई हजार,

ङ) ठूला बस, ट्रक वा यस्तै चार पांग्रे सवारी साधनको बार्षिक रु.दुई हजार पाँच सय,

च) हेभी गाडी, डोजर, क्रेन वा यस्तै सवारी साधनको बार्षिक रु.पाँच हजार,

छ) अन्य सवारी साधनको बार्षिक रु.पाँच सय, विद्यूतीय उर्जाबाट र कृषि कार्यमा संचालन हुने सवारी साधनको हकमा उक्तमा तोकिएको दरको ५०% छुट हुने ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
मंगलसेन नगरपालिका राजपत्र

# अनुसूची ७
## दफा ८ सँग सम्बन्धित
## विज्ञापन कर

**क) विज्ञापन कर निम्नानुसार हुने :**

१) भवनको झ्याल, ढोका छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

२) सार्वजनिक बाटो, सँधियारको सिमाना, सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाईने छैन ।

३) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएको जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनकुनै तस्विर वा अक्षरको विज्ञापन कर छुट नहुने ।

४) भवन, जमीन, व्यापारिक वा व्यवसायिक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनकुनै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट नहुने ।

५) सूर्तीजन्य, मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्धित तथा मंगलसेन नगर कार्यपालिकाबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

**ख) विज्ञापनको करको दर :**

१) होडिङ्ग बोर्ड १० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु. पच्चीस,

२) होडिङ्ग बोर्ड २० स्क्वायर फिट सम्मको लागि प्रति स्क्वायर फिट रु. चालिस,

३) भित्तेलेखन प्रति स्क्वायर फिट रु.बीस

४) विद्यूत वा टेलिफोनका पोलमा राखिएका प्रति बोर्डमा रु.पाँच सय पचास,

५) फ्लेक्सबाट तयार गरिएको ब्यानरमा १० स्क्वायर फिट सम्मलाई रु. आठ सय सो भन्दा माथीको लागि रु.बाह्र सय पचास,

६) अस्थायी रुपमा पोलमा लगाइएका ब्यानर प्रति दिन रु. बीस,

७) अस्थायी रुपमा सडक वारपार गरी लगाइएका ब्यानर प्रतिदिन रु. चालिस, यस्तो ब्यानर बढीमा पन्ध्र दिनका लागि मात्र लगाउन पाईनेछ त्यसपछि उक्त ब्यानर सम्बन्धित संस्था वा व्यक्ति उठाई लैजानु पर्नेछ ।

८) मालवाहक सवारी साधनको दायाँवायाँ पट्टीको भागमा अधिकतम् दश स्क्वायर फुट सम्मको लागि प्रतिदिन रु.एक सय र अस्थायी रुपमा लेखिएको वा छापिएको पर्चा सामाग्रीको लागि प्रति बर्ष प्रति वर्ग फुट रु.पचास ।

९) खेलकुद मैदान, मेला, जात्रा पर्व र यस्तै प्रकृतीका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम् बिस स्क्वायर फुट सम्मको प्रति दिन रु. एक सय

१०) अन्यको हकमा प्रति वर्ग फुट प्रति बर्ष रु. दुई सय ।

**अनुसूची ८**
**दफा ९ सँग सम्बन्धित**
**<u>मनोरन्जक कर</u>**

१) चलचित्र भवनहरुलाई चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शनस्थल (प्रति चलचित्र पर्दा) वापत वार्षिक निम्नानुसार मनोरन्जन कर असुल उपर गरिनेछ ।

१.१. अधिकतम् ३० सीट क्षमता भएकाहरुको बार्षिक रु. दश हजार,
१.२. अधिकतम् ५० सीट क्षमता भएकाहरुको बार्षिक रु. पन्ध्र हजार,
१.३ अधिकतम् १०० सीट क्षमता भएकाहरुको बार्षिक रु. बिस हजार,
१.४ १०० देखि माथिक सीट क्षमता भएकाहरुको बार्षिक रु. तिस हजार,
१.५ तीन महिना सम्म जादु, सर्कस, मेला संचालन गराए वापत दैनीक रु.एक सय
१.६ तीन महिनाभन्दा बढी जादु, सर्कस मेला वा मनोरन्जन प्रदायक कार्यक्रम संचालन गरे वापत मासिक रु. तीन हजार ।

अनुसूची ९
दफा १० सँग सम्बन्धित
**<u>बहाल विरौटी शुल्क</u>**

यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची १०
दफा ११ सँग सम्बन्धित
**<u>पाकिङ्ग शुल्क</u>**

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी कुनै पनि सडकको कुल चौडाईको पच्चीस प्रतिशत भन्दा बढी भाग नओगटीने गरी भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा नीजि क्षेत्रबाट सवारी पार्किङ्ग व्यवस्था गर्न सकिने ।

यस सम्बन्धि पार्किङ्ग शुल्क लिने व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

अनुसूची ११
दफा १२ सँग सम्बन्धित
**<u>ट्रेकिङ्ग, कोयोकिड, क्यानोईङ्ग, बन्जी जम्पीङ्ग, जिपफ्यार र ऱ्याफ्टीङ्ग शुल्क</u>**

यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

मंगलसेन नगरपालिका राजपत्र
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# अनुसूची १२
## दफा १३ सँग सम्बन्धित
## सेवा, शुल्क दस्तुर

| सि.नं. | विवरण | चालु आ.व. २०७४□०७५ | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तूर | १० | |
| | **शिफारिस दस्तुर** | | |
| १ | अग्रेजीमा गरिने सबै शिफारिस | २५० | |
| | **नेपालीमा गरिने निम्नानुसारका शिफारिसहरुको दस्तूर** | | |
| १ | नागरिकता शिफारिस | ५० | |
| २ | नागरिकता प्रतिलिपि शिफारिस | १०० | |
| ३ | नाता प्रमाणित | १०० | |
| ४ | नाता कायम | १५० | |
| ५ | पारिवारिक विवरण | १५० | |
| ६ | बसोवास प्रमाणित | १५० | |
| ७ | नाबालक शिफारिस | १०० | |
| ८ | जन्म मिति प्रमाणित | १२५ | |
| ९ | वैवाहिक सम्बन्ध प्रमाणित | १२५ | |
| १० | अविवाहित प्रमाणित | १२५ | |
| ११ | व्यक्तिगत प्रमाणित | ७५ | |
| १२ | चारित्रिक प्रमाणित | १०० | |
| १३ | सम्बन्ध विच्छेद प्रमाणित | १०० | |
| १४ | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउं सारी (आवासिय) सिफारिस | १५० | |
| १५ | खानेपानी ,विद्यूत मिटर, टेलिफोन जडान, नामसारी ठाउ सारी (व्यवसायिक) सिफारिस | २५० | |
| १६ | प्रति रुख कटान शिफारिस | १५० | |
| १७ | घरेलु तथा साना उद्योगको सरजमिन तथा शिफारिस | १००० | |
| १८ | मझौला उद्योगको शिफारिस | ३००० | |
| १९ | व्यवसाय बन्द तथा नाम परिवर्तन | ७०० | |
| २० | मदिरा व्यवसाय शिफारिस (खूद्रा) | ६००० | |
| २१ | मदिरा व्यवसाय शिफारिस (थोक) | ११००० | |
| २२ | वडा सरजमिन | १५० | |
| २३ | वडा सिफारिस | ३५ | |
| २४ | होटल दर्ताको शिफारिस | ११०० | |

मंगलसेन नगरपालिका राजपत्र

| | | | |
|---|---|---|---|
| २५ | पटके शिफारिस | ४०० | |
| २६ | माथि उल्लेखित शिर्षकमा नपरेका सिफारिसहरु | १६० | |
| १ | पहिलो कित्ता □ १ रोपनी | १०० | |
| २ | पहिलो कित्ता पछि थप प्रति रोपनी | २५ | |
| ३ | टेस्र नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | ३०० | |
| ४ | टेस्र नक्सा प्रमाणित ,प्रति कित्ता | १५० | |
| ५ | उजूरी निवेदन दस्तूर | २०० | |
| ६ | मिलापत्र दस्तुर | १००० | |
| ७ | जग्गा दर्ता वा नामसारी शिफारिस प्रति रोपनी | ५० | |
| ८ | राजिनामा, बकसपत्र शिफारिस | ६०० | |
| ९ | घरबाटो शिफारिस एक कित्ता | ३०० | |
| १० | घरबाटो शिफारिस थप प्रति कित्ता | १०० | |
| ११ | अमिन खटन दस्तुर प्रति कित्ता | ३०० | |
| १२ | घर नक्सा नामसारी | ६०० | |
| १३ | घर जग्गा मूल्याकन एक लाख सम्मको | २०० | |
| १४ | थप प्रति लाखको | १५० | |
| १५ | नक्सापास फारम दस्तुर | ५०० | |
| १६ | आय स्रोत प्रमाणित प्रति लाख | २०० | |
| १७ | निजि विद्यालय अपग्रेड | ६०० | |
| १८ | प्रा.वि. | ९०० | |
| १९ | नि.मा.वि. | ११०० | |
| २० | मा.वि. | १६०० | |
| २१ | उ.मा.वि. | २२०० | |
| २२ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५० | |
| २३ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | १०० | |
| २४ | चौपाय निकासी दस्तुर प्रति गोटा | १०० | |
| २५ | विभिन्न समुह, संघ, सस्था, क्लब, इस्टीचयूट आदि दर्ता शिफारिस | ६०० | |
| **पार्कि□ग शुल्क** | | | |
| १ | बस, ढक, टयाक्टर प्रति घण्टा | ५० | |
| २ | थप प्रति घण्टा | ३५ | |
| ३ | मिनि बस, माइक्रो बस, जिप, कार प्रति घण्टा | २५ | |
| ४ | थप प्रति घण्टा | २० | |
| ५ | घर खालि गराउदा प्रति दिन | १५०० | |
| ६ | कूटानी पिसानी मिल सिफारिश | १५०० | |
| ७ | कूटानी पिसानी मिल सिफारिश एबं बिक्री | २००० | |

| | | | |
|---|---|---|---|
| ८ | स:मिल काठचिरानी दर्ता | ५००० | |
| ९ | स:मिल काठचिरानी सिफारिश | १५०० | |
| १० | डेरी उधोग दर्ता | ११०० | |
| ११ | डेरी उधोग सिफारिश | ३०० | |
| १२ | व्यक्तिगत व्यबसाय नबिकरण प्रति लाख | १०० | |
| १३ | संस्था व्यवसाय नविकरण प्रति लाख | २०० | |
| १४ | नाथर, जन्ममिति संशोधित सिफारिश | १०० | |
| १५ | व्यबसाय दर्ता रु.५००००० सम्म | ६०० | |
| १६ | व्यबसाय दर्ता रु.५००००० सम्म माथि | ११०० | |
| १७ | व्यबसाय नबिकरण ५,००,०००। सम्म | १५० | |
| १८ | व्यबसाय नबिकरण ५,००,०००। भन्दा माथि | २५० | |
| १९ | पिछडिएको क्षेत्र सिफारिश दस्तूर | १५० | |
| २० | खाता संचालन सिफारिश दस्तुर | ४०० | |
| २१ | खाता बन्द सिफारिस दस्तूर | ६०० | |
| २२ | ट्रान्सपोर्टेशन (रिटेलिङ्ग) सामान ढुवानी सेवा | | |
| | क) जिप कुखुरा ढुवानी प्रति पटक प्रति टिरिपको | २०० | |
| | ख) जिप मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | १५० | |
| | ग) ट्याक्टर मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | २०० | |
| | घ) मिनिट्रक मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | ३०० | |
| | ङ) ठूलोट्रक मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | ५०० | |
| | च) १० चके हेवी (ठूलोट्रक) मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | ७५० | |
| | छ) १० चके हेवी (ठूलोट्रक) मालसमान ढुवानी प्रति पटक प्रति टिरिपको | ११०० | |

माथि उल्लेखित शिर्षकहरुमा नपरेका बिषय बस्तुहरु स्थानीय ऐन, नियमावली तथा प्रचलित स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारको ऐन नियमावली बमोजिम हुनेछ ।

अनुसूची १३

दफा १४ सँग सम्बन्धित

## पर्यटक शुल्क

मंगलसेन नगर कार्यपालिकाले तोकेका स्थानमा तोके बमोजिम हुनेछ ।

**आज्ञाले**

गणेश प्रसाद जैसी

प्रमुख प्रशासकीय अधिकृत

मंगलसेन नगरपालिका राजपत्र